आकाशवाणी

मुख्य समाचार :-

- **ए .आई-को क्षेत्रमा भारतले आफ्नो बलियो पहिचान बनाउदैछ**
- **राष्ट्रपतिले स्वामी दयानन्द सरस्वतीको जयन्तीमा अर्पण गर्नुभयो श्रद्धान्जली**
- **दिल्लीको नवगठित विधानसभाको तीन दिनको पहिलो सत्र भोली देखी शुरू हुँदै**
- **मराठा राजा छत्रपति शिवाजी महाराजको बाह्र किल्लालाई विश्व धरोहर स्थलको दर्जा दिने मांग**
- **पूसा कृषि विज्ञान मेला- दुई हजार पचिसको आयोजन नयाँ दिल्लीमा जारी।**

**संशो पीएम-मन की बात**

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज भन्नुभएकोछ, Artificial Intelligence- **ए .आई-को** क्षेत्रमा भारतले आफ्नो बलियो पहिचान बनाउदैछ । आकाशवाणीमा आफ्नो **मन की बात** कार्यक्रमका माध्यमले राष्ट्रलाई सम्बोधन गर्दै श्री मोदीले भन्नुभयो, भारतका मानिस नयाँ प्रौद्योगिकी अपनाउन्नमा कोही भन्दा पछाडी छैन। उहाँले भन्नुभयो, हालैमा उहाँ **ए.आईको** एउटा ठूलो सम्मेलनमा हिस्सा लिन पेरिस जानुभयो जहाँ विश्वले यस क्षेत्रमा भारतको प्रगतिको सराहना गऱ्यो । भारतका मानिसले आज ए .आईको प्रयोग कसरी गर्दैछन् यसको उदाहरण दिँदै प्रधानमन्त्रीले तेलंगानामा आदिलाबादको सरकारी स्कूलका एक शिक्षक श्री **थोडासम कैलाशको** चर्चा गर्नुभयो। श्री कैलाशले ए .आईको उपयोग कोलामी बोलीमा गीत कम्पोज़ गर्नका लागि गर्नुहुँदैछ। श्री मोदीले केही अन्य जनजातीय भाषाहरूमा गीत तयार गर्नमा श्री कैलाशको योगदानको सराहना पनि गर्नुभयो।

**एमकेबी-थोडासम कैलाश**

तेलंगानाको आदिलाबाद जिल्लाको इन्दरवेली block -का विज्ञान शिक्षक श्री **थोडासम कैलाशले** प्रधान मन्त्री श्री मोदीले आकाशवाणीमा आज मन की बात कार्यक्रममा उहाँको नामको उल्लेख गर्नुभएकोमा प्रसन्नता व्यक्त गर्नुभयो। सानो गाउँ वाघापुर निवासी, श्री कैलाश आफ्नो मातृभाषा, gondi र कोलामी बोलीलाई संरक्षित गर्नका लागि कड़ा मेहनत गर्नुहुन्छ र यसले सुनिश्चित गर्छ, प्रौद्योगिकीको लाभ उहाँको समुदाय सम्म पुगोस्। उहाँलाई Artificial Intelligence को सहयोगले gondi भाषामा **महाभारत लेख्न** र विशेष रूपले **कोलामी बोलीमा** केही गीत गाउनका लागि पुरस्कार मिलेको छ। उहाँले ए.आईको माध्यमले पहिलो पल्ट कोलामीमा एउटा गीत गाउनुभयो र यसलाई आफ्नो सोशल मीडिया च्यानलमा जारी गर्नुभयो। श्री कैलाशले मन की बातमा उहाँको प्रयासलाई महत्व दिनुभएकोमा प्रधानमन्त्रीलाई धन्यवाद दिनुभयो।

**राष्ट्रपति - स्वामी दयानंद सरस्वती**

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले आज **स्वामी दयानन्द सरस्वतीको जयन्तीमा** उहाँलाई श्रद्धान्जलि अर्पण गर्नुभयो। सोशल मीडिया पोस्टमा राष्ट्रपतिले भन्नुभयो , स्वामी दयानन्द द्वारा चलाइएको शिक्षा र सामाजिक सुधार कार्यक्रमले समाजमा सकारात्मक परिवर्तन ल्याउनमा महत्वपूर्ण भूमिका निभाएकोछ। स्वामी दयानन्दलाई भारतीय पुनर्जागरणको प्रमुख स्तम्भ बताउदै राष्ट्रपतिले भन्नुभयो, उहाँको शिक्षा सधै प्रासाङ्गिक रहनेछ। उहाँले प्रत्येक नागरिकले देशको प्राचीन गौरवलाई पुनः स्थापित गर्न स्वामी दयानन्द सरस्वतीको विचारबाट प्रेणा लिएर भारतलाई एउटा विकसित राष्ट्र बनाउने दिशामा अघी बढ्ने कामना गर्नुभयो।

**दिल्ली विधानसभा सत्र**

दिल्लीको नवगठित विधानसभाको तीन दिनको पहिलो सत्र भोली देखी शुरू हुँदैछ। सत्रको पहिलो दिन नयाँ विधायकलाई शपथ दिलाईनेछ र विधानसभा अध्यक्षको चुनाव हुनेछ । दोस्रो दिन दिल्लीका उप-राज्यपाल श्री विनय कुमार सक्सेनाले सदनलाई सम्बोधित गर्नुहुनेछ र पछिलो सरकारको कामकाज संग जोडीएको C.A.G reports प्रस्तुत गरिनेछ। श्री सक्सेनाले विधायक **श्री अरविन्दर सिंह लवलीलाई** Pro tem speaker नियुक्त गर्नुभएको छ। श्री लवलीले नव-निर्वाचित विधायकलाई पद र गोपनीयताको शपथ दिलाउनुहुनेछ। दिल्लीका मुख्यमंत्रीले भन्नुभएकोछ, भोली देखी शुरू हुने तीन दिवसीय विधानसभा सत्रमा C.A.G रिपोर्ट पेश गर्नु सबैभन्दा महत्वपूर्ण मुद्दा हुनेछ।

**25 विदेश मन्त्रालय-महिला शान्ति सम्मेलन**

महिला शान्ति सैनिकका लागि **ग्लोबल साउथको परिप्रेक्ष्यमा महिला शिन्ती सैनिकको भूमिकाको** विषयमा आफ्नै प्रकारको पहिलो सम्मेलन भोली नयाँ दिल्लीमा शुरू हुनेछ । दुई दिनको यस सम्मेलनको आयोजन विदेश मन्त्रालयले रक्षा मन्त्रालय र संयुक्त राष्ट्र शान्ति सैन्य केन्द्रको सहयोगले गरेको हो । सम्मेलनमा **ग्लोबल साउथबाट** शान्ति सेनामा योगदान गर्ने पैतिस देशका महिला शान्ति सैनिकले हिस्सा लिने संभावना छ । विदेश मन्त्री **डा. एस जयशंकरले** यस सम्मेलनमा प्रमुख भाषण दिनुहुनेछ। संयुक्त राष्ट्रको प्रतिनिधित्व संयुक्त राष्ट्रको अवर महासचिव, शान्ति संचालन विभाग, श्री **जीन-पियरे** Lecroix र संयुक्त राष्ट्रको विशेष समन्वयक क्रिश्चियन Saunders द्वारा गरिनेछ।भाग लिने महिला शान्ति सैनिकले राष्ट्रपति श्रीमती द्रौपदी मुर्मु संग पनि भेट गर्नुहुनेछ।

**महाराष्ट्र शिष्टमण्डल यूनेस्को**

**यूनेस्कोबाट** मराठा राजा **छत्रपति शिवाजी महाराजको** बाह्र किल्लालाई विश्व धरोहर स्थलको दर्जा दिने मांग गर्नका लागि महाराष्ट्रका सास्कृतिक कार्य मन्त्री **श्री आशीष शेलारको** नेतृत्वमा एउटा उच्च स्तरीय **शिष्टमण्डल** पेरिस गएको छ । महाराष्ट्र सरकारले **भारतको मराठा सैन्य परिदृष्य** विषय अन्तर्गत यी बाह्र किल्लालाई विश्व धरोहर स्थलहकरूको सूचीमा शामेल गर्ने प्रस्ताव यूनेस्कोलाई सुम्पेको छ। **राज्य सरकारको आधिकारिक बयान अनुसार रायगढ, राजगढ, प्रतापगढ, पन्हाला, शिवनेरी, लोहागढ, सालहेर, सिन्धुदुर्ग, सुवर्णदुर्ग, विजयदुर्ग र खण्डेरी साथै तमिलनाडुको जिन्जी किल्लालाई विश्व धरोहर स्थलको दर्जा दिने मांग गरिएको छ।**

**16 तेलंगाना-बचाव अभियान**

तेलंगानामा **नागर कुर्नूल** जिल्लामा **दोमाला पेन्टा छेउ श्री सैलाम लेफ्ट ब्याङ्क कैनाल सुरङ्गमा** फसेका आठ जना श्रमिकहरूलाई निकाल्नका लागि चलाइएको बचाव अभियानमा सेनाले सहयोग शुरू गरेका छन् । उद्धारकार्य तीव्र गतिमा भइरहेको छ । सुरंगको छाना भत्किएकाले हिजो केही मानिस घाइते भए भने परियोजना तथा साइट इन्जीनियर सहित आठ जना व्यक्ति सुरंग भीत्र फसेका छन् । सिकन्दराबाद बाट सेनाका इन्जीनियर कार्य बल तैनात गरिएको छ भने उनीहरूको टीम बचाव कार्यका लागि दुर्घटना स्थल पुगेको छ । राष्ट्रीय र राज्य स्तरीय आपदा प्रबन्धन टीम हिजो देखी घटनास्थलमा प्रयासरत छ । सेनाका इन्जीनियरले फोहोर मैला हटाउन र मानिसलाई सुरक्षित बाहिर निकाल्नका लागि अथक प्रयास गरिरहेका छन् ।

**दिल्ली-कृषि विज्ञान मेला**

भारतीय कृषि अनुसन्धान परिषद र भारतीय कृषि अनुसन्धान संस्थान द्वारा पूसा कृषि विज्ञान मेला-दुई हजार पचिसको आयोजन नयाँ दिल्लीमा जारी छ । तीन दिवसीय यस मेलाको विषय उन्नत कृषि-विकसित भारतमा केन्द्रित छ । हाम्रा संवाददाताले बताए अनुसार, यस मेलामा किसानलाई कृषिको नयाँ तकनीकीको जानकारी साथ साथै उन्नत जातका बीउबिजन र अन्य सुविधाका बारेमा जानकारी प्रदान गरिएको छ। मेलाको मुख्य आकर्षण भारतीय कृषि अनुसन्धान संस्थानको तर्फबाट विकसित गरिएको अत्याधुनिक प्रौद्योगिकीहरूको प्रदर्शन छ ।